# जन्तेढुङ्गा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः ६ मितिः२०८१/०९/२८

## भागः२

जन्तेढुङ्गा गाउँपालिकाद्धारा प्रकाशित

होमस्टे व्यवस्थापन तथा संचालन कार्यविधि, २०८१

**<u>प्रस्तावनाः</u>** ग्रामीण क्षेत्रका स्थानीय जनसमुदायमा स्वरोजगारका अवसर सिर्जना हुने तथा आम्दानी बृद्धिको माध्यमबाट जीवनस्तरमा सुधार ल्याउने प्रकृतिका ग्रामिण पर्यटन पूर्वाधारको दिगो विकास गर्ने, ग्रामीण पर्यटनको माध्यमबाट विपन्न वर्ग र हालसम्म समेट्न नसकिएका समूहको समेत संलग्नता रहने गरी पर्यटन व्यवसायबाट प्राप्त हुने लाभलाई समुदायको पहुँचभित्र ल्याउने संरचनाको निर्माण र विकास गर्ने तथा होमस्टेको माध्यमबाट पर्यटनको विकास, प्रर्बद्धन, व्यवस्थापन र नियमन गर्न होमस्टे कार्यविधि जारी गर्न वाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी जन्तेढुङ्गा गाउँ कार्यपालिकाले यो कार्यविधि मिति २०८१/०९/२८ को बैठकबाट स्वीकृत गरि जारी गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम " होमस्टे संचालन कार्यविधि, २०८१" रहेकोछ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

क. "होमस्टे" भन्नाले पर्यटकलाई आवास, खाना र अन्य सेवा प्रदान गर्ने उद्देश्यले आफ्नै घर समुदायमा निजी वा सामूहिक रुपमा सञ्चालन गरिएको सेवा सम्झनु पर्छ।

ख. "स्थानीय तह" भन्नाले जन्तेढुङ्गा गाउँपालिकालाई सम्झनुपर्छ ।

ग. "कार्यपालिका" भन्नाले जन्तेढुङ्गा गाउँ कार्यपालिकाको कार्यालयलाई समझनुपर्छ ।

घ. "अध्यक्ष" भन्नाले जन्तेढुङ्गा गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

ङ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले जन्तेढुङ्गा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

च. "कार्यालय" जन्तेढुङ्गा गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ ।

छ. "होमस्टे व्यवस्थापन समिति" भन्नाले दफा ७ को उपदफा (१) बमोजिम गठन भएको समितिलाई सम्झनु पर्छ।

ज. "होमस्टे इकाई" भन्नाले होमस्टे संचालन गर्न व्यवस्थापन समिति अन्तर्गत रहेको प्रत्येक घर सम्झनु पर्छ ।

**३. उद्देश्यः** होमस्टे संचालनका मुख्य उद्देश्य देहाय बमोजिमका हुनेछन् ।

क. होमस्टे संचालन गरी पर्यटन क्षेत्रको प्रतिफल ग्रामीण समुदायमा पुर्‍याउने,

ख. होमस्टे संचालन गरी ग्रामीण क्षेत्रका जनतालाई पर्यटन सेवामा सहभागि गराउने,

ग. होमस्टे संचालन गरी ग्रामीण समुदायको आयस्रोत बृद्धि गरी जीवनस्तरमा वृद्धि गर्ने,

घ. होमस्टे संचालन गरी ग्रामीण तथा स्थानीय स्तरमा स्वरोजगार विकासको माध्यमको रुपमा उपयोग गर्ने,

ङ. होमस्टे संचालन गरी पर्यटकलाई ग्रामीण जनजीवन साथै संस्कृतिका बारेमा जानकारी दिने,

च. होमस्टे आवास सुविधा मात्र नभइ पर्यटकलाई रितिरिवाज, कला संस्कृति र रहनसहनको उत्कृष्ट अनुभव हासिल गर्ने मौका प्रदान गर्ने,

छ. पर्यटकलाई सरल र सहज वातावरणमा बसोबासको व्यवस्था गर्ने।

**४. होमस्टेको वर्गीकरणः** अनुसूचि-१ मा उल्लिखित मापदण्ड पूरा गरी अलग अलग स्वामित्व भएका कम्तीमा पाँचवटा घरधनीले सामुहिक व्यवस्थापन गरी संचालन गरेको होमस्टेलाई सामुदायिक ग्रामीण होमस्टे तथा निजी स्तरमा सञ्चालित होमस्टेलाई निजी होमस्टेको रुपमा वर्गीकरण गरिएको छ।

**५. पर्यटकीय क्रियाकलापः** (१) होमस्टेले स्थानीय क्षेत्रमा सञ्चालन हुने सांस्कृतिक कार्यक्रम र क्रियाकलाप, पराम्परागत खेलमा सहभागी गराउने, उपलब्ध हुने क्षेत्रमा जंगल ट्रेक, इको ट्रेक तथा दृश्यावलोकनको कार्यक्रमको व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा लेखिए देखि बाहेक होमस्टेले देहाय बमोजिमको कार्यक्रमको आयोजना गर्नु पर्नेछ :-

क) स्थानीय सांस्कृतिक नाचगान तथा फुलमालाका साथ पर्यटकको स्वागत गर्ने,

ख) पर्यटकहरुलाई सामुदायिक भवन वा खुला ठाउँमा मौलिक परम्परा वा सांस्कृतिमा आधारित सांस्कृतिक कार्यक्रमहरुको प्रस्तुति, मेला, जात्रा जस्ता गतिविधिहरु आयोजना गरी सहभागी गराउने।

ग) सांस्कृतिक सम्पदा, संग्रहालय, घरेलु तथा हस्तकला सामाग्री उत्पादन केन्द्र स्थल, दृश्यावलोकन, जंगल, वन्यजन्तु तथा चरा अवलोकन गर्ने व्यवस्था गर्ने,

घ) स्थानीय कृषि, घरेलु तथा हस्तकला प्रविधिमा सहभागी गराई पर्यटक तथा स्थानीय जनता बिच जीवनशैली, कला संस्कृति आदि विषयमा अनुभव तथा ज्ञानको आदान प्रदान गराउने,

ङ) पर्यटकको विदाई गर्दा स्थानीय संस्कृति झल्कने मायाको चिनो सहित मुलमाला पहिराउने ।

**६. दर्ताको लागि निवेदन दिनेः** (१) होमस्टे संचालन गर्न चाहने देहाय बमोजिमका कागजात सहित अनुसूचि-२ बमोजिमको ढाँचामा कार्यालयमा निवेदन दिनु पर्नेछ ।

क) सामुदायिक होमस्टेको हकमा कम्तीमा पाँच जना घरधनीले आ-आफ्नो घरमा सामूहिक रुपमा होमस्टे सञ्चालन गर्न सहमत भएको लिखित प्रतिवद्धता तथा निजी र सामुदायिक होमस्टे दुवैका लागि वडा कार्यालयको सिफारिस ।

ख) जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपी।

ग) होमस्टे संचालकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।

(२) उपदफा (१) बमोजिमको निवेदन परेमा कार्यालयले सम्बन्धित शाखा प्रमुखको संयोजकत्वमा सम्बन्धीत वडा सचिव, स्थानीय स्वास्थ्यकर्मी समेतको प्रतिनिधिले निरीक्षण गरी अनुसूचि-१ बमोजिमको मापदण्ड पुरा भएको प्रतिवेदन प्राप्त भए/नभएको निरीक्षण गरी कार्यालयमा प्रतिवेदन दिनु पर्नेछ ।

(३) उपदफा २ बमोजिमको निरीक्षणबाट अनुसूचि-१ बमोजिमको मापदण्ड पुरा भएको प्रतिवेदन प्राप्त भएमा कार्यालयले प्रत्येक होमस्टेलाई इकाईको रुपमा दर्ता गरी अनुसूचि-३ बमोजिमको ढाँचामा होमस्टे दर्ता प्रमाण-पत्र दिनेछ।

(४) मापदण्ड पुरा नगरेकाको हकमा आवश्यक सुधार गर्न समय दिइनेछ र पुनः स्थलगत निरीक्षण गरिनेछ ।

**७. होमस्टे व्यवस्थापन तथा संचालनः** (१) सामुदायिक होमस्टे संचालन गर्न चाहने सञ्चालकहरुले साधारण भेला गरी देहाय बमोजिमको होमस्टे सञ्चालन तथा व्यवस्थापन समिति गठन गर्नुपर्नेछ ।

क) समुदायका सदस्यहरुबाट एक जना -अध्यक्ष

ख) समुदायका सदस्यहरुबाट एक जना -उपाध्यक्ष

ग) समुदायका सदस्यहरुबाट एक जना -कोषाध्यक्ष

घ) समुदायका सदस्यहरुबाट महिला सदस्य -सदस्य

ङ) समुदायका सदस्यहरुबाट एक जना सदस्य -सदस्य -सचिव

(२) होमस्टेमा सहभागी हुने घर संख्याको आधारमा समावेसी हुने गरी समुदायले थप ६ जनासम्म सदस्यको चयन गर्न सक्नेछ ।

(३) होमस्टे व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) पर्यटकीय क्रियाकलापहरु र पर्यटकहरुले पालना गर्नुपर्ने आचारसंहिताको बारेमा जानकारी गराउने ।

ख) आगन्तुक/पर्यटकहरुको स्वागत तथा पाहुनाको आवास व्यवस्था मिलाउने ।

ग) अनुसूचि-५ बमोजिम पर्यटकको दर्ता व्यवस्था गर्ने।

घ) आय व्ययको स्रेस्ता व्यवस्थित र दुरुस्त राख्ने ।

ङ) प्रत्येक होमस्टेको नियमित अनुगमन गर्ने।

च) स्थानीय भ्रमण प्याकेजहरुको निर्माण र प्रचार प्रसार गर्ने।

छ) स्थानीय वातावरण, परम्परा, शैली तथा संस्कृतिको संरक्षण गर्ने।

ज) सांस्कृतिक कार्यक्रमहरुको प्रदर्शन / व्यवस्थापन गर्ने।

झ) पर्यटकहरुको स्वास्थ्योपचार र अन्य आकस्मिक सेवाहरुको व्यवस्थापन र समन्वय गर्ने।

ञ) होमस्टेको साइनेज तथा लोकेसन म्याप तयार गर्ने।

ट) पर्यटक आवास गृहमा उपलब्ध हुने सुविधा तथा मेनु/मुल्य निर्धारणमा एक रुपता कायम गर्ने तथा सेवा शुल्क/मुल्यसुचि पर्यटकले सजिलै देखिने गरी प्रकाशन गर्ने।

ठ) प्रत्येक आर्थिक वर्ष समाप्त भएको पैतिस दिन भित्र पर्यटक संख्या, प्रमुख क्रियाकलाप आय तथा व्यय देखिने बार्षिक प्रतिवेदन कार्यालयमा पठाउने ।

ड) होमस्टेको विकास, प्रवर्द्धन तथा व्यवस्थापनका लागि अन्य आवश्यक कार्यहरु गर्ने।

ढ) होमस्टे तथा पर्यटन प्रवर्द्धनका लागि सम्बन्धित निकायसंग सम्पर्क र सञ्चार गर्ने।

ण) अनुसूचि-४ बमोजिमको सूचना पर्यटकहरुले देखिने स्थानमा राख्नुपर्ने।

**८. होमस्टे समन्वय समिति :** (१) कार्यपालिका अन्तर्गत रहने गरि देहाय बमोजिम होमस्टे समन्वय समिति गठन गरिनेछः

क) गाउँपालिका उपाध्यक्ष वा निजले तोकेको कार्यपालिका सदस्य - संयोजक

ख) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको प्रतिनिधि -सदस्य

ग) स्वास्थ्य विषय हेर्ने शाखा प्रमुख - सदस्य

घ) शिक्षा विषय हेर्ने शाखा प्रमुख -सदस्य

ङ) पूर्वाधार विषय हेर्ने शाखा प्रमुख -सदस्य

च) सूचना प्रविधि विषय हेर्ने शाखा प्रमुख - सदस्य

छ) पर्यटन व्यवसाय हेर्ने शाखा प्रमुख - सदस्य सचिव

(२) होमस्टे समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः

क) होमस्टे व्यवस्थापन समितिहरु बिच समन्वय र सहजिकरण गर्ने।

ख) पूर्वाधार विकास र क्षमता अभिबृद्धि सम्बन्धी कार्य गर्ने।

ग) पर्यटकलाई स्वास्थ्य सम्बन्धी जनचेतना जगाउने ।

घ) आकस्मिक स्वास्थ्य सम्बन्धी सहयोग र समन्वय गर्ने।

ङ) संभाव्य पर्यटकीय सम्पदाहरुको विवरण तयार गर्ने।

च) बाटो, पदयात्रा मार्ग, भ्युटावर, खानेपानी, स्वास्थ्य चौकी लगायतका अन्य साना पूर्वाधारहरु बनाउने वा बनाउन सम्बन्धीत वडालाई सहयोग गर्ने।

**९. अनुगमन तथा निरीक्षण सम्बन्धी व्यवस्थाः** (१) कार्यालयले आवश्यकतानुसार समय समयमा होमस्टे व्यवस्थापन समितिका कार्यहरु तथा प्रत्येक होमस्टेको इकाईको अनुगमन तथा निरीक्षण गर्नपर्नेछ ।

(२) उपदफा १ बमोजिमको निरीक्षणका क्रममा तोकिएको मापदाण्ड पुरा नगर्ने होमस्टेलाई मनासिव माफिकको म्याद दिई मापदण्ड पुरा गर्न लगाउनु पर्नेछ ।

(३) उपदफा २ बमोजिमको म्याद भित्र पनि मापदण्ड कायम गर्न नसकेका होमस्टेलाई कार्यालयले निलम्वन वा खारेज गर्न सक्नेछ ।

**१०. नविकरणः** (१) प्रत्येक होमस्टे देहाय बमोजिमको कागजात संलग्न गरी प्रत्येक वर्षमा मान्य अवधि समाप्त भएको ३ महिना भित्र होमस्टे नबीकरणको लागि कार्यालयमा निवेदन दिनुपर्नेछः

क) विगत वर्षको आयव्यय र होमस्टे प्रदान गरेको र पर्यटकहरुको लगत तथा विवरण।

ख) सामुदायिक होमस्टेको हकमा होमस्टे व्यवस्थापन समितिको प्रतिवेदन ।

(२) उपदफा १ बमोजिम नवीकरणको लागि निवेदन पर्न आएमा कार्यालयले सम्बद्ध होमस्टेको निरिक्षण गरी मापदण्ड पूरा भएको हकमा होमस्टे नवीकरण गर्नेछ र पूरा नभएको होमस्टेको नविकरण हुनेछैन ।

**११. प्रचार प्रसार तथा बजारीकरणः** होमस्टेको होर्डिङ बोर्ड, साइनबोर्ड, ब्रोसियर, सिडी जस्ता प्रचार प्रसारका सामग्रीहरुको उत्पादन, वेभसाइट, पत्रपत्रिका, रेडियो, टेलिभिजन, उत्सव, मेला, महोत्सव, गैरआवासीय नेपालीसँगको सहकार्य, दुर अपरेटर तथा पत्रपत्रिकालाई परिचयात्मक भ्रमण, भ्रमण प्याकेजको निर्माण ताथ विक्री प्रबर्द्धन जस्ता काम कारबाही र कृयाकलाप नेपाल पर्यटन बोर्ड, तारा गाउँ विकास समिति, अन्य सम्बद्ध निकाय तथा निजी क्षेत्रका ट्राभल तथा ट्रेकिङ एजेन्सीसँग सहकार्य गरी होमस्टेको प्रचार प्रसार तथा बजारीकरण गरिनेछ ।

**१२. होमस्टे एसोशिएसनः** होमस्टे सम्बन्धी निति निर्माण, व्यवस्थापन, प्रवर्द्धन तथा होमस्टे संचालन मापदण्डमा एकरुपता तथा अनुगमन कार्यमा स्थानीय तहलाई सहयोग पुर्‍याउन होमस्टे संचालनहरुको होमस्टे एसोशियसनले कार्य गर्नेछ ।

**१३. दस्तुर** :(१) होमस्टे दर्ता दस्तुर रु.१००० वा आर्थिक ऐनमा व्यवस्था भएवमोजिम हुनेछ ।

(२) होमस्टे नविकरण दस्तुर रु. ५०० वा प्रति इकाई रु. ५० का दरले जम्मा हुन आउने रकम मध्ये जुन बढी हुन्छ सोही बमोजिम रकम वा आर्थिक ऐनमा व्यवस्था भएबमोजिम हुनेछ ।

**१४. विविधः** (१) प्रसिद्ध धार्मिक तीर्थस्थलमा दर्शनको लागि आउने दर्शनार्थी तथा तीर्थालुहरुको बसोबास र खानपिनको बन्दोबस्त मिलाउन होमस्टे सञ्चालनको लागि स्थानीय समुदाय समेतको सहभागीतामा अनुरोध भएमा यस कार्यविधिको अन्य व्यवस्थाहरुको अधिनमा रही सञ्चालन अनुमती दिन सकिनेछ ।

(२) होमस्टेमा ट्राभल एजेन्सी मार्फत आउने पर्यटकको बिमा गराउने जिम्मेवारी सम्बन्धित ट्राभल एजेन्सीको

हुनेछ। व्यक्तिगत रुपमा आउने पर्यटकको हकमा बिमा गर्ने जिम्मेवारी सम्बन्धित पर्यटकको नै हुनेछ।

(३) होमस्टे सञ्चालन गर्ने सञ्चालकले प्रचलित नेपाल कानून बमोजिम नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिएर मात्र बिदेशी मुद्राको कारोवार गर्नु पर्नेछ ।

(४) होमस्टे सञ्चालन सम्बन्धी आधारभूत तालिम नेपाल पर्यटन बोर्ड तथा होटल व्यवस्थापन प्रशिक्षण प्रतिष्ठान लगाएत अन्य स्वीकृत प्राप्त तालिम केन्द्रहरुबाट प्राप्त गर्न सकिनेछ ।

(५) यस कार्यविधि बमोजिम दर्ता हुने होम स्टेको आफ्नै छाप हुनेछ ।

## अनुसूची-१

(दफा ४ संग सम्बन्धित)

### होमस्टे सञ्चालनका आधारभूत मापदण्ड

१. होमस्टेका लागि घर, कोठा र सैयाः

क. प्रत्येक सामुदायिक होमस्टेका लागि भिन्न भिन्न स्वामित्व भएका कम्तीमा ५ वटा घर (होमस्टे ईकाई) हुनु पर्नेछ । एक आपसमा सहज पहुँचका लागि बाटोको प्रबन्ध भएको, घरहरु मौलिक संस्कृति झल्कने र हावाहुरी, जंगली जनावर आदीबाट सुरक्षित हुनुपर्ने, खुल्ला, हिलो तथा धुलोरहित सफा सुग्घर हुनुपर्नेछ।

ख. होमस्टेमा पाहुनाका लागि कम्तिमा एउटा अलग्गै कोठा हुनुपर्नेछ ।

ग. होमस्टे सञ्चालन गर्ने एक घरमा बढीमा चार कोठा पर्यटकका लागि छुट्याउन सकिनेछ ।

घ. एउटा कोठामा बढीमा २ वटा मात्र ओछ्यान रहनुपर्नेछ। ओछ्यान कम्तिमा ६.५ फिट लम्बाई र ३ फित चौडाईको हुनपर्नेछ ।

ङ. भुईमा कार्पेट वा राडी वा सफा गुन्द्री ओछ्याएको हुनुपर्नेछ ।

च. ढोकामा खुट्टा पुछ्ने बोरा वा डोरम्याट भएको हुनुपर्नेछ ।

छ. नरम खालको सेतो तन्ना भएको र सेतै खोल भएका ओडनेको व्यवस्था हुनु पर्नेछ ।

ज. भित्तामा वा ढोकाको पछाडी पट्टी लुगा झुन्डाउने व्यवस्था भएको हुनपर्नेछ ।

झ. कोठामा बिजुली, बत्ती वा लालटीन वा मैन वा टुकी पानस बाल्ने व्यवस्था हुनुपर्नेछ ।

ञ. सुत्ने कोठामा धुँवा आउन नहुने ।

ट. सुत्ने कोठामा राम्रा राम्रा दृश्य र स्थानीय संस्कृति झल्कने तस्विरहरु भएमा राम्रो हुने।

ठ. फोहोर फाल्ने एउटा टोकरी (डस्बिन) को व्यवस्था हुनुपर्नेछ ।

ड. सम्भव भएसम्म प्रत्येक पाहुनाका लागि एक जोर चप्पल (स्लीपर) को व्यवस्था हुनुपर्नेछ ।

ढ. सम्भव भएसम्म भित्तामा एउटा अर्धकद (आधा शरिर) देखिने ठुलो ऐना झुन्डाएको हुनपर्नेछ ।

ण. सम्भव भएसम्म सुत्ने कोठामा चिया टेवल राख्नु राम्रो हुने ।

त. सम्भव भएसम्म सुत्ने कोठामा २ वटा कुर्सी राख्नु राम्रो हुने।

२. शौचालय र स्नानगारः

क. सुविधायुक्त र सफा सौचालय हुनपर्ने ।

ख. होमस्टे संचालन गर्ने घर वा समुदायमा नुहाउने प्रवन्ध (छुट्टै बाथरुम वा कम्तीमा छेकिएर नुहाउन सकिने सुविधायुक्त ठाउँ) ।

ग. स्नानगारमा पानीको बाल्टी, मग, साबुन, रुमाल आदी आधारभुत बस्तुहरु हुनुपर्ने ।

३. भान्छा कोठा र खानाखाने व्यवस्था :

क. पाहुना राख्ने घर/कोठा नजिक गाई भैसी अथवा भेडाबाख्रा, सुगर, कुखुरा आदि बाध्न वा पाल्न नहुने ।

ख. धेरै धुवाँ नहुने भान्सा (उन्नत वा सुधारिएको चुलो भएको)।

ग. पानीको सुविधा मिलाउनु पर्ने र खानेपानी फिल्टर गरेर वा उमालेर मात्र दिने।

घ. स्थानीय खानाका परिकारहरुलाई स्वस्थकर ढंगले पकाउने र खुवाउने प्रवन्ध हुनुपर्ने ।

ङ. नेपालीहरुलाई राम्रोसँग पलेटी कसेर बसेर खाना मिल्ने ठाउँ हुनुपर्ने।

च. विदेशीलाई सानो डाइनिङ टेवलको पनि प्रबन्ध भए राम्रो हुने।

छ. खानपीन विवरण तथा मुल्य निर्धारण गरिएको हुनुपर्ने (मेनु भएको)।

४. स्वास्थ्य, सरसफाई तथा सुरक्षाः

क. मुसा, लामखुट्टे, उडुस, उपिया आदीबाट सुरक्षित हुनुपर्ने, दुर्गन्ध वा गाईभैसीको गोठबाट टाढा हुनुपर्ने, सामुदायिक रुपमा प्राथमिक उपचारको व्यवस्था हुनुपर्ने, खुला नाली र ढल हुन नहुने ।

ख. वातावरण मैत्री पर्यटन क्रियाकलाप, पर्यटकीय सम्पदाहरुको संरक्षण, सार्वजनिक सौचालयको व्यवस्था, बृक्षारोपण।

अनुसूची २

(दफा ६ (१) सगँ सम्बन्धित)

<u>होमस्टे दर्ताका लागि दिईने निवेदन</u>

श्री जन्तेढुङ्गा गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
चिसापनी, खोटाङ।

विषयः होमस्टे दर्ता सम्बन्धमा ।

हामीहरुले जिल्ला खोटाङ जन्तेढुङ्गा गाउँपालिका वडा नं..........................टोल/गाउँ................ संचालन गर्न लागेको मा ...........................................होमस्टेलाई होमस्टे संचालन कार्यविधि, २०८१ बमोजिम सामुदायिक / निजी होमस्टेको रुपमा दर्ता गरी पाउन निवेदन गर्दछौं।

होमस्टे संचालन कार्यविधि निर्देशिका, २०८१ को अधिनमा रहि आफ्नो होमस्टे संचालन गर्दछौ ।

निवेदक

नाम थर .....

ठेगाना :....

मिति :.

संलग्न कागकात :-

क) होमस्टे संचालन गर्ने निवेदनको नागरिकता प्रमाणपत्रको प्रतिलिपिहरु

ख) होमस्टे संचालन गर्ने प्रत्येक घरधनीको जग्गा धनी प्रमाणपत्रको प्रतिलिपि

ग) प्रत्येक घरधनीले होमस्टे संचालन गर्न मञ्जुर गरेको कागजात सहित होमस्टे व्यवस्थापन समितिको निर्यणको प्रतिलिपि

घ) व्यवस्थापन समिति गठन तथा दर्ता गर्ने सम्बन्धि स्थानीय भेलाको निर्णय

ङ) वडा कार्यालयको सिफारिस

च) आधारभूत प्रशिक्षण लिएको भए सोको प्रमाणपत्रको प्रतिलिपि

होमस्टे यूनिटहरु (दर्ता हुने व्यक्तिहरुको विवरण)

| क.स. | संचालकको नाम थर | ठेगाना |
|---|---|---|
| | | |
| | | |

नोटः सामसदायिक होमस्टेको हकमा होमस्टे व्यवस्थापन समितिको अध्यक्ष वा अधिकार दिएको व्यवस्थापन समितिको सदस्यले निवेदन दिनु पर्ने छ।

अनुसूची ३ (क)

(दफा ६ (३) सगँ सम्बन्धित)

होमस्टे सञ्चालन प्रमाण पत्र (प्रत्येक ईकाईका लागि)

जन्तेढुङ्गा गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

चिसापनी, खोटाङ

मिति

....................

प्रमाणपत्र संख्या :

होमस्टे संचालन प्रमाणपत्र

............................................ लाई होमस्टे संचालन कार्यविधि, २०८१ मा व्यवस्था भए अनुसार सामुदायिक / निजी होमस्टेको रुपमा दर्ता/नविकरण गरी यो प्रमाणपत्रप्रदान गरिएको छ ।

१) सदस्यको नाम :

२) ठेगाना :

३) मान्य अवधि

..................

प्रमुख प्रशासकीय अधिकृत

HOME STAY OPERATION CERTIFICATE

......................................................................home stay is registered/renewed as a Community/ Private home stay under Home Stay Operation Procedures 2081 B.S.

1. Name of the owner:
2. Address of the owner:

3. Valid up to:

……………………….
Chief Administrative Officer

शर्तहरुः

- ∗ व्यवस्थापन समितिसगँ समन्वय गरी पर्यटकहरुलाई बसोबासको व्यवस्था गर्नुपर्ने छ ।
- ∗ चलन चल्तीको वा निर्धारित मुल्य भन्दा बढी मुल्य लिनु हुदैन ।
- ∗ स्थानीय सामाजिक सास्कृतिक वातावरणलाई असर पार्ने खालका क्रियाकलापहरु गर्नु गराउनु हुदैन।
- ∗ यो प्रमाणपत्र तथा अनुसूची ४ बमोजिमको आचारसंहिता सबैले देख्ने गरी राखु पर्नेछ ।
- ∗ व्यवस्थापन समितिसर्ग समन्वय गरी प्रत्येक वर्ष प्रतिवेदन बुझाउनु पर्नेछ।
- ∗ यो प्रमाणपत्र प्रत्येक १/१ वर्षमा नविकरण गराउनु पर्नेछ।

अनुसूची ३ को (ख)

(दफा ६(३) सगँ सम्बन्धित)

होमस्टे सञ्चालन प्रमाण पत्र

जन्तेढुङ्गा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय

चिसापनी, खोटाङ

मिति

…………………

प्रमाणपत्र संख्या :

होमस्टे संचालन प्रमाणपत्र

…………………………………………………………………लाई होमस्टे संचालन कार्यविधि, २०८१ मा व्यवस्था भए अनुसार सामुदायिक / निजी होमस्टेको रुपमा दर्ता नविकरण गरी यो प्रमाणपत्रप्रदान गरिएको छ

१) होमस्टेको नाम :

२) ठेगाना :

३) सदस्य संख्याः

४) मान्य अवधिः

५) व्यवस्थापन समिति अध्यक्षको नामः

……………………..
प्रमुख प्रशासकीय अधिकृत

HOME STAY OPERATION CERTIFICATE

……………………………………………… home stay is registered/renewed as a Community/ Private home stay under Home Stay Operation Procedures 2081 B.S.

1. Name of Home Stay:

2. Address:
3. Number of Members:
4. Valid up to:
5. Name of Chair Person:

……………………………..
Chief Administrative Officer

अनुसूची ४

(दफा ७ (३) (ण) सगँ सम्बन्धित)

Code of Conduct for the Visitors

The home stay visitors are expected to abide the following points:

1. Do not pressure the owner for food, beverage and facilities not available at home stay.
2. Do not disturb people at home or outside.
3. Do not offer anything to the people beyond one's capacity.
4. Beware of doing any behavior (such as sexual activities), which is impermissible to the local socio-cultural values.
5. Respect to the rites and rituals of the local people. Wear such clothes that are permissible to the community.
6. Do not impress the owner or other people for doing immoral or illegal activities. Respect to the household routine for entrance and exit.
7. Supply and use of narcotics or any forms of psychotropic drugs at home or outside is strictly prohibited.
8. Respect to the bio-diversity and ecology of the environment.

अनुसूची ५

(दफा ७ (३) (ग) सगँ सम्बन्धित)

<u>पर्यटन दर्ता किताब</u>

| सि.नं. | नाम/थर | ठेगाना | सम्पर्क नं. | आगमन मिति | प्रस्थान मिति | पर्यटकको हस्ताक्षर | पेश गरेको परिचय खुल्ने कागजात |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

राजपत्रमा प्रकाशन भएको मितिः- संवत् २०८१ साल ०९ महिना २८ रोज १ शुभम् ।

आज्ञाले

विनय निरौला

प्रमुख प्रशासकीय अधिकृत